बुढीनन्दा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोल्टी, बाजुरा ।

सुदूरपश्चिम प्रदेश, नेपाल

## एम.आई.एस.अपरेटरको रिक्त पदमा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।

**(प्रथम पटक प्रकाशित मिति:२०८१।०५।१७)**

यस नगरपालिकाको पञ्जिकरण सेवा इकाईमा आ.व. २०८१।०८२ का लागि लागत साझेदारी अन्तर्गत संघीय सरकारको ससर्त अनुदान मार्फत राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागद्वारा सञ्चालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटनादर्ता प्रणाली सुदृढकरण आयोजना (SSSPCR) का लागि रिक्त एम.आई.एस. अपरेटरको पदमा करार कर्मचारी पदपूर्ति गर्नु पर्ने भएकाले तपसिल बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरीकले यो सूचना प्रकाशन भएको मितिले ०७ (सात) दिन भित्र दिनको ३ बजेसम्म आवश्यक कागजात र राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।दरखास्त फारम बुढीनन्दा नगरपालिका प्रशासन शाखामाबाट उपलब्ध गर्न सकिने छ ।

| क्र.सं. | विज्ञापन नं | सेवा समुह | | पद | तह | आवश्यक संख्या |
|---|---|---|---|---|---|---|
| १ | ०२।०८१।८२ | विविध | | एम.आई.एस. अपरेटर | पाँचौ | १ (एक) जना |

**आवश्यक न्यूनतम शैक्षिक योग्यता तथा अनुभव:**

१. *नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्यूटर विषय लिई उच्च माध्यमिक तह उत्तिर्ण गरेको वा प्रविणता तह वा सो सरह उत्तीर्ण गरी कम्तिमा ६ महिना कम्प्यूटर सम्बन्धी तालिम प्राप्त गरेको,*

२. *दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको,*

३. *आवेदनका लागि लाग्ने दस्तुर: रु. ७००(सात सय)मात्र,*

४. *भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको,*

५. *देहाय बमोजिम ज्ञान र सीप भएको:*
   - *देवनागरी लिपीमा यूनिकोड र अङ्ग्रेजी दक्षतापुर्वक टाईपिङ्ग गर्न सक्ने,*
   - *Computer, printer,Scanner,Multimedia लगायतका उपकरणहरुको प्रयोग गर्ने सीप भएको,*
   - *MS-Office Package (Word,Excel,Access,Power Point etc.) को प्रयोग गर्न सक्ने क्षमता भएको,*
   - *कार्यालय सञ्चालन तथा व्यवस्थापन सूचना प्रणाली सम्बन्धी आधारभूत ज्ञान भएको,*
   - *व्यक्तिगत घटना दर्ता तथा सामाजिक सूरक्षा सम्बन्धी सामान्य जानकारी भएको,*
   - *ई-मेल इन्टरनेट सम्बन्धी आधारभूत ज्ञान भएको,*
   - *कम्प्यूटर मर्मत संभार सम्बन्धी सामान्य ज्ञान भएको,*

*<u>नोट:</u> व्यक्तिगत घटनादर्ता तथा सामाजिक सूरक्षा व्यवस्थापन प्रणाली(VERSP-MIS) मा कार्यअनुभव भएको उम्मेदवारलाई प्राथमिकता दिइने छ ।*

सन्तोष कुमार शाह
नि.प्रमुख प्रशासकीय अधिकृत